# ‘हरि उत्कृष्ट प्रतिभा पुरस्कार’ द्वारा पुरस्कृत सर्जकहरू

- २०४८ सालमा रामनारायण जोशीको मलाई विभाजित नगर कवितासङ्ग्रहको पाण्डुलिपिलाई पुरस्कृत गरी केन्द्रले नै प्रकाशन गरेको ।
- २०४९ सालमा भीम राना जिज्ञासुको समयको आवाज कवितासङ्ग्रहको पाण्डुलिपिलाई पुरस्कृत गरी केन्द्रले नै प्रकाशन गरेको ।
- २०५० सालमा विष्णुप्रसाद धितालको नि कवितासङ्ग्रह पुरस्कृत भएको ।
- २०५१ सालमा वि.पि. गोरखालीको कवितासङ्ग्रह पुरस्कृत भएको ।
- २०५२ सालमा विनोदप्रसाद धितालको योजन गन्धा उपन्यास पुरस्कृत भएको ।
- २०५३ सालमा तीर्थराज वन्तको आँखामा हिजोको इतिहास पुरस्कृत भएको ।
- २०५४ सालमा धन्न्जय भट्टको यत्न कवितासङ्ग्रह पुरस्कृत भएको ।
- २०५५ सालमा दीनानाथ शर्माको नेपाली साहित्यमा गोरखा अनुसन्धानमूलक कृति पुरस्कृत भएको ।
- २०५६ साल र सो पछि २०६३ सालसम्मका दिनहरूमा, देशको राजनैतिक र सामाजिक समस्याहरूको बीचबाट उठेर अस्थिरता तथा अराजकता हुँदाहुँदै पनि यस संस्थाले आफ्नो निरन्तरतालाई कायम राख्दै प्रत्येक वर्ष कुनै न कुनै विधाका सर्जक सम्मानित हुँदै आउनु भएको छ। यसै अवधिमा राजुबाबु श्रेष्ठको मनहरू कवितासङ्ग्रह, सुशीलबाबु श्रेष्ठको कालखण्ड उपन्यास, नेत्रमणि आचार्यको दर्जी सुजेरो कवितासङ्ग्रह, रुद्रनाथ पोखरेलको पूर्णप्रसाद ब्राह्मणको साहित्यिक योगदान खोजमूलक लेख, सीता अर्यालको उपमा कथासङ्ग्रह, शिवहरि मरहट्टाको मति विनोद काव्य र रामशरण शर्माको सम्पादकत्वमा प्रकाशित गायत्री गणेश स्मृतिग्रन्थ पुरस्कृत भएका छन् । त्यसैगरी नारायणप्रसाद खनालको गोरखा डायरी र धनेश्वर भट्टराईको गोरखागाथा खण्डकाव्य पनि प्रकाशित र पुरस्कृत भएका छन् ।
- २०६४ सालमा नारायणप्रसाद पोखरेलको प्रतिबिम्ब कवितासङ्ग्रह पुरस्कृत ।
- २०६५ सालमा केदारनाथ खनालको यात्राका स्पन्दनहरू नियात्रासङ्ग्रह पुरस्कृत ।
- २०६६ सालमा डा. प्रभा कैनीको अनावृत उपन्यास पुरस्कृत ।
- २०६७ सालमा तुलसी न्यौपानेको महादेशीय यात्रा नियात्रासङ्ग्रह पुरस्कृत ।
- २०६८ सालमा विकलचन्द्र आचार्यको मोह उपन्यास पुरस्कृत ।
- २०६९ सालमा तुलसीमानश्रेष्ठको लोकगीत परिचय र विश्लेषण पुरस्कृत ।
- २०७० सालमा रमेशचन्द्र देवकोटाको स्वाभिमान महाकाव्य पुरस्कृत ।
- २०७१ सालमा डा. फणिन्द्रराज देवकोटाको हिमालपारि महाकाव्य पुरस्कृत ।
- २०७२ सालमा सीताराम अधिकारीको आँधी कवितासङ्ग्रह पुरस्कृत ।
- २०७३ सालमा राजेन्द्र अर्यालको माल्भा नियात्रासङ्ग्रह र नगेन्द्र न्यौपानेको कङ्गो र इथियोपियाको सेरोफेरो यात्रा संस्करण (संयुक्त) पुरस्कृत ।
- २०७४ सालमा कवि त्रयोदशको **आरोहण** महाकाव्य पुरस्कृत ।
- २०७५ का लागि हरिप्रसाद सोडारीको सम्पादन ‘अनेकौंका दृष्टिमा राष्ट्र निर्माता’ ,
- २०७६ का लागि मुना धिताल अर्यालको ‘आत्मसलील’ महाकाव्य,

- २०७७ को लागि गौरी देवकोटाको 'प्रतिरोध' कविता सङ्ग्रह
- २०७८ को लागि डा. टीकाराम आचार्यको 'राजेश्वर देवकोटाको उपन्यासमा साङ्ख्य दर्शन'
- २०७९ को लागि लोककवि सुरेश कुमार भट्टलाई लोक उक्ति, र परम्पराको खोजी गरी तिनलाई नविनतम प्रयोग सहित साहित्यमा प्रयोग गर्दै आएर लोक संस्कृतिको संरक्षणमा पुर्याएको योगदानमा